स्थानीय सरकार

# दुहवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८२/०८३

च.नं.-

मितिः-२०८३/०३/३२

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

## (प्रथम पटक प्रकाशित मिति: २०८३/०३/३२)

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम यस दुहवी नगरपालिकाको नगर अस्पताल तथा फोहरमैला प्रशोधन केन्द्रका लागि सुरक्षा गार्ड सेवा खरिद गर्न इच्छुक, योग्य तथा कानुनबमोजिम दर्ता भएका सेवा प्रदायक संस्था/फर्महरूबाट देहाय बमोजिम गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**१. ठेक्काको विवरण**

| (रा.ठे.नं.) | ठेक्का शिर्षक | अवधी | न्यूनतम ठेक्का अंक मु.अ.कर समेत बार्षिक रु |
|---|---|---|---|
| १ | सुरक्षा गार्ड सेवा खरिद (नगर अस्पतालमा ४ जना तथा फोहरमैला प्रशोधन केन्द्रमा ३ जना गरी जम्मा ७ जना) | ११ महिना | २२,४९,८३०।– |

**२.बोलपत्र कागजात खरिद**

- बोलपत्र कागजात दस्तुर : रु. ३,०००।– (फिर्ता नहुने)
- बोलपत्र कागजात प्रकाशन भएको मितिले २१ औं दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।
- दस्तुर दुहवी नगरपालिकाको राजस्व खातामा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।

**३. बोलपत्र दर्ता गर्ने अन्तिम मिति**

- प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र।
- सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन।

**४. बोलपत्र खोल्ने मिति, समय र स्थान**

- बोलपत्र दर्ता गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १:०० बजे ।
- स्थान : दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी।
- बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन सा।

2083/3/32

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

स्थानीय सरकार

# दुहवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८२/०८३

च.नं.-

## ५. बोलपत्र जमानत (Bid Security)

- बोलपत्रदाताले रु. १,१२,४९२।– (अक्षरेपी: एक लाख बाह्र हजार चार सय बयान्नब्बे रुपैयाँमात्र) बराबरको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।
- जमानत नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको कम्तीमा बोलपत्र वैध अवधि भन्दा ३० दिन बढी अवधिसम्म मान्य रहने बैंक जमानत वा नगद धरौटीको रूपमा पेश गर्न सकिनेछ।

## ६. बोलपत्रको वैध अवधि

- बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ (पैंतालीस) दिनसम्म मान्य रहनेछ।

## ७. योग्यता

बोलपत्रदाताले निम्न कागजातहरू पेश गर्नुपर्नेछः

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।

३. आर्थिक वर्ष २०८२/८३ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण।

४. सुरक्षा सेवा सञ्चालन गर्न सम्बन्धित निकायबाट प्राप्त इजाजतपत्र (Licence) को प्रतिलिपि।

५. स्वघोषणा पत्र (Blacklisting मा नपरेको सम्बन्धमा)।

६. बोलपत्र कागजातमा माग गरिएका अन्य विवरण तथा कागजातहरू।

## ८. भुक्तानी तथा कर

- प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरी मात्र भुक्तानी गरिनेछ।
- सेवा सन्तोषजनक रूपमा सम्पन्न भए पश्चात सम्झौताबमोजिम भुक्तानी गरिनेछ।

## ९. अन्य शर्तहरू

- नगर अस्पतालमा चौबीसै घण्टा सुरक्षा व्यवस्था कायम राख्न १२/१२ घण्टाको दुई सिफटमा ४ जना सुरक्षा गार्ड उपलब्ध गराउनुपर्नेछ।
- फोहरमैला प्रशोधन केन्द्रमा दैनिक ८ घण्टाका दरले ३ जना सुरक्षा गार्ड उपलब्ध गराउनुपर्नेछ।
- सुरक्षा गार्डको तलब, भत्ता, पोशाक, बीमा, सामाजिक सुरक्षा कोष, औषधोपचार तथा अन्य सम्पूर्ण दायित्व सेवा प्रदायक संस्थाको हुनेछ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार दुहवी नगरपालिकामा सुरक्षित रहनेछ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner